**कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ वैशाख ६ गते**
बागमती प्रदेशको १३ ओटै जिल्लामा कूल ३ हजार ७९ जनामा कोरोना भाइरस (कोभिट-१९) को र्‍यापीड टेष्ट गरिएको छ । त्यसमध्ये १२ जनामा पोजेटिभ देखिएको बागमती प्रदेशका सामाजिक विकास मन्त्रालयका डा. पुरुशोत्तम सेडाईले जानकारी दिनुभयो ।
काठमाडौँमा ९ सय २३ जना, भक्तपुरमा १ सय ८३ जना, ललितपुरमा ३ सय २८ जना, रसुवामा २८ जना, नुवाकोटमा २ सय ८७ जना, चितवनमा ३ सय ३० जना, सिंधुलीमा १ सय ९२ जना, काभ्रेमा २ सय २५ जना, सिन्धुपाल्चोकमा १ सय ४७ जनामा वैशाख ५ गतेसम्म र्‍यापीड टेष्ट गरिएको हो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार धादिङका एक व्यक्तिले आफ्नो बुबाको पुण्यतिथिको अवसर पारी गाउँपालिकालाई पीपीई सेट सहयोग गरेका छन् ।
धादिङको सिद्धलेक गाउँपालिका-७ का स्व.विष्णुप्रसाद खतिवडाको छैठौं पुण्यतिथिमा उनका छोराहरू सुरेन्द्र, सीताराम, परशुराम र राजारामले गाउँपालिकाका अध्यक्ष प्रेमनाथ सिलवाललाई २२ थान पीपीई सेट सहयोग गरेका हुन् ।
स्वास्थ्यकर्मीहरूलाई सुरक्षित रूपमा उपचारमा खटिन पीपीईको अभाव हुँदा कोरोना सङ्क्रमणको उच्च जोखिम हुने भएकाले आफ्नो बुबाको पुण्यतिथिमा स्वास्थ्यकर्मीको मनोबल बढाउने उद्देश्यले स्वास्थ्य सामग्री उपलब्ध गराईएको राजाराम खतिवडाले बताउनु भयो ।
लामो समयको लकडाउनपछि मारमा परेका मजदुरहरूलाई बेनिघाटरोराङ गाउँपालिकाकाले पहिलो चरणको राहत वितरण गरेको छ । भौगोलक रूपमा ठूलो रहेको बेनिघाट रोराङ गाउँपालिकाको ८० प्रतिशत चेपाङ समूदायको बसोबास क्षेत्र रहेकोले अति गरिब मजदुरलाई राहत वितरण गरिएको छ ।
बेनीघाट रोराङ गाउँपालिकाले पहिलो चरणको २ हजार ८ सय ९२ परिवारलाई राहत प्रदान गरेको हो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार चितवनमा कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण पुष्टि भएकाहरूको सम्पर्कमा रहेकाहरूको ट्रेसिङ सुरु गरिएको छ ।
राप्ती नगरपालिका-८ का ६३ वर्षीया महिला (आमा) र २७ वर्षीय पुरुष (छोरा) को वैशाख ५ गते भएको ( तेस्रो पटक) परीक्षणमा पनि कोरोना सङ्क्रमण पुष्टि भएपछि अन्यको ट्रेसिङ सुरू गरिएको हो । उनीहरू २०७६ चैत ३ गते कतार एयरवेजमार्फत बेलायतबाट नेपाल आएका थिए । एक महिनापछि उनिहरूलाई कोरोना सङ्क्रमण पुष्टि भएको हो । दुई दिन काठमाडौं बसेर उनीहरू चितवन आएका थिए ।
जिल्ला स्वास्थ्य कार्यालयको नेतृत्वमा ट्रेसिङ सुरू गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । उहाँले सङ्क्रमितको मनोबल बढाउने र अन्यलाई पनि सुरक्षित राख्नेतर्फ ध्यान केन्द्रीत गरिएको बताउनु भयो । जिल्लामा लकडाउनलाई थप कडाई गरिएको भट्टराईले जानकारी दिनुभयो । उनीहरूको परिवार ठूलो भएकोले सबैको सङ्ख्या एकिन गर्न र सम्पर्कमा रहेकाहरूको खोजी गरिएको राप्ती नगरपालिकाकी मेयर प्रभा बरालले जानकारी दिनुभयो । उहाँले परिवारका सदस्यलाई होम क्वारेन्टिनमा बस्न भनिएको र बुद्ध शान्ति कलेजमा छुट्टै क्वारेन्टिन बनाएर राखिने जानकारी दिनुभयो ।
वैशाख ६ गते लकडाउन उल्लङ्घन गरेको आरोपमा ३५ ओटा सवारी नियन्त्रणमा लिएको छ।
कृषि क्षेत्रमा सङ्लग्न कामदारहरूलाई प्रहरी कार्यालयबाट अनुमति लिएर मात्रै घर बाहिर निस्कन चितवन प्रहरीले आग्रह गरेको छ । कृषिजन्य कार्यहरू मौरीपालन, पशुपालन, माछा पालन, केरा खेतीलगायतका कार्यहरूमा कामदारको आवागमन एवम् किटनाशक तथा भेटेरीनरीजन्य औषधिहरू किन्नका लागि घर बाहिर निस्कन पर्ने भएमा प्रहरीलाई पहिला जानकारी गराउन भनिएको चितवन प्रहरी प्रवक्ता डिएसपी एकनारायण कोइरालाले बताउनु भयो ।
प्रहरी कार्यालयले वैशाख ५ गते विज्ञप्ति जारी गर्दै त्यस्ता व्यक्तिहरूले आफ्नो कामको विवरण, जानुपर्ने स्थान र समय खुलाई जिल्ला प्रहरीको प्रहरी नियन्त्रण कक्षमा जानककारी गराउन आग्रह गरेको हो । त्यसका लागि प्रहरीले सम्पर्क नम्बरहरू ०५६५२०१५५, ५२४२४१, ९८५५०९०१३३ वा १०० को व्यवस्था गरेको छ ।

त्यस्तै, ड्युटीमा खटिएका प्रहरी कर्मचारीहरूको काम कारबाही प्रति कुनै गुनासो भएमा सम्बन्धित प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयको प्रमुखलाई जानकारी गराउन पनि आग्रह गरिएको छ ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार रसुवा कारागारमा रहेका बन्दीले इन्सेकका रसुवा प्रतिनिधिलाई फोन गरी कोभिड-१९ कोरोना भाइरसको जोखिममा आफूहरू पर्ने सम्भावना रहेकोले त्रसित भएको बताएका छन् । एक वर्ष कैद भुक्तान गर्न बाँकी रहेका बन्दी छाड्ने भने पनि रसुवामा नछाडेको तथा सामाजिक दुरी कायम नभएको भन्दै गुनासो गरिएको छ । 'एक जनालाई ६ फिट दूरीको मापदण्ड भए पनि ६ फिटमा तीन/चार जना सुत्न परेको छ, यो विषय उठान गरी नेपाल सरकारको ध्यानाकर्शण गराउन पऱ्यो' रसुवा कारागारका एक बन्दीले इन्सेक प्रतिनिधिसँग अनुरोध गरे । 'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ । कारागारमा हाल १ सय ७ जना कैदीबन्दी रहेको कारागारका जेलर कृष्णहरि पुडासैनी बताउनु भयो ।
जिल्लाभर २ सय ६९ स्वास्थ्य परीक्षण गरिएकोमा सबैको सामान्य ज्वरो, रुघा, खोकी देखिएको छ । स्थानीय तहले असङ्गठित श्रमिक तथा असहायलाई दोस्रो चरणको राहत वितरणका लागि लगत सङ्कलन सुरू गरेका छन् । नौकुण्ड गाउँपालिकाले ३ सय ५० परिवारलाई राहत वितरण सम्पन्न गरेको छ ।
आमाछोदिङमो गाउँपालिकामा ५ सय ८० जना लगत सङ्कलन भएको निमित्त प्रमुख प्रशासकीय अधिकृत छेवाङ तामाङ बताउनु भयो ।
आमाछोदिङमो गाउँपालिका अध्यक्ष बुचुङ तामाङमा अनुसार स्थानीय बजारमा खाद्यान्न नपाएको किनेर आफैले ल्याउनु पर्ने बजारमा पनि एकै ठाउँमा ६/७ सय बोरा चामल नपाउनाले राहत वितरणमा ढीलो भएको बताइएको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौंडा उपमहानगरपालिकाले कोरोना भाइरसको आमनागरिकलाई बारेमा जानकारी दिन अधिकारिक पोर्टल तयार पारेको छ । हेटौंडा उपमहानगरपालिका र सिइसिआइ, काठमाडौंको सहकार्यमा https://hetauda.sasan.org/covid19 पोर्टल तयार गरिएको हो । यस पोर्टल मार्फत आफूलाई कोभिड १९ को सङ्क्रमणको शङ्का लागेका व्यक्तिले अनलाईन फारम भरी आफ्नो स्वास्थ्य अवस्थाको बारेमा उपमहानगरपालिकालाई जानकारी गराउन सक्नुका साथै आधारभुत स्वास्थ्य सेवाका लागि सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाहरूको सम्पर्क नम्बर पोर्टलमा हेर्न सकिने भएको छ ।
मकवानपुरका स्थानीय तहले विदेशबाट पछिल्लो डेढ महिनामा फर्कनेहरूको नामावली सङ्कलन गर्ने, उनीहरूलाई गाउँटोलमै पुगेर स्वास्थ्य उपचार तथा ऱ्यापीड टेष्ट, गाउँमा क्वारेन्टाइन निर्माण, किटनासक औषधि छर्कनेलगायतका काम गरिएको थाहा नगरपालिकाका मेयर लवशेर बिष्टले बताउनु भयो । स्थानीय तहले बजारमा उपभोग्य वस्तुहरूको आपूर्तिका लागि ढुवानीलाई सहज बनाउने र खाद्यान्न औषधि र तरकारी पसलहरू नियमित खुलाउनका निमित्त निजी व्यवसायीहरूलाई आग्रह गर्ने कार्य भएको छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु घिताल**का अनुसार कोरोना भाइरसको प्रकोपबाट बचाउन वैशाख ६ गतेसम्म सिन्धुपाल्चोक जिल्लामा ४ सय ७१ क्षमताको क्वारेण्टाइन, ४२ बेडको आइसोलेशन केन्द्र तयारी भएको छ ।
चौतारा, मेलम्ची र बाह्रविसे नगरपालिकाले व्यवस्थापन गर्ने गरी तीनओटा क्षत्रिय स्तरको क्वारेण्टाइन तयार गरिएको छ भने अरु गाउँपालिका स्तरमा तयारी गरिएका छन् ।
इन्द्रवती गाउँपालिकामा रहेको तीन ओटा एम्बुलेन्सले निमोनियाको बिरामीलाई अस्पताल लैजान नमानेपछि बिरामी समस्यामा परेका छन् । कोरोना भाइरसको माहामारी फैलिरहेको बेलामा निमोनियाको कारणले सिकिस्त बनेका इन्द्रवती गाउँपालिका ७ पोखरेका गणेश रोक्कालाई अस्पताल लैजान एम्बुलेन्स चालकले अस्वीकार गरेका हुन् । "आफूले बिरामी लैजान चालकलाई पटक पटक अनुरोध गर्दा समेत मानेन्" गाउँपालिका अध्यक्ष बंशलाल तामाङले बताउनुभयो । त्यस गाउँपालिका भित्र गाउँपालिकाको कार्यालय, युवा क्लव र बाडेगाउँ स्वास्थ्य केन्द्रको समेत गरी तीन ओटा एम्बुलेन्स सञ्चालनमा रहेका छन् ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार दोलखाको शैलुङ गाउँपालिकाले राहत वितरणका लागि प्रत्येक वडालाई एक/एक लाख थप रकम दिने भएको छ । गाउँपालिकाको ४० औं पूर्ण बैठकले राहत वितरणका लागि प्रत्येक वडालाई एक/एक लाख रकम दिने, गाउँपालिकामा रहेका १२ ओटा स्वास्थ्य संस्थाहरूलाई आवश्यक औषधि खरिदका लागि ७५ हजारका दरले रकम दिने निर्णय गरेको गाउँपालिकाका प्रवक्ता एवम् वडा-४ का वडा अध्यक्ष भरत प्रसाद ढुङ्गेलले जानकारी दिनु भयो ।
बैठकले गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई वैशाख महिनामा थप १५ दिनको पारिश्रमिक थपेर दिने निर्णय गरेको छ भने एउटा वडाबाट अर्को वडामा जान नपाउने र एउटा टोलबाट अर्को टोलमा जान नपाउने गरि वडा तथा टोल लकडाउनु गर्ने समेत निर्णय गरेको छ ।
गाउँपालिकाका अध्यक्ष भरतप्रसाद दुलालको अध्यक्षतामा बसेको बैठकले अन्य जिल्लाबाट मजदुरको रुपमा काम गर्न आएका श्रमिकहरूलाई सम्बन्धित ठेकेदार मार्फत नै खान बस्नको व्यवस्थापन मिलाईदिने तयारी गरेको छ । मजदुरहरूका लागि ठेकेदारले खान बस्नको व्यवस्था गर्न नसक्ने अवस्था आएमा गाउँपालिकाले नै व्यवस्था मिलाउने जनाईएको छ ।
भीमेश्वर नगरपालिकाका सरसफाई कार्यमा सङ्लग्न कर्मचारीले सुरक्षा साम्रगी प्रदान गरिएको छ ।
कोरोना भाईरसको जोखिमलाई मध्यनजर गर्दै नगरपालिकाले नगरक्षेत्रमा सरसफाईमा खटिदै आएका १० जना कर्मचारीहरूलाई सुरक्षा सामग्री उपलब्ध गराईएको प्रमुख प्रशासकीय अधिकृत मानबहादुर खड्काले जानकारी दिनुभयो । सरसफाईमा खटिने दुई जना चालक र आठ जना कर्मचारी सहित १० जनालाई एक/एक सेट वाटर पुफ्र रेनकोट, बुट, पञ्जा, मास्कलगायतका सुरक्षा सामग्री उपलब्ध गराईएको खड्काले बताउनु भयो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार जिल्ला प्रशासन कार्यालयमा भएको बैठकले जिल्लालाई कोरोना भाइरसबाट सुरक्षित राख्नका लागि अत्यावश्यक बाहेक अन्य जिल्लाका व्यक्तिलाई जिल्लामा प्रवेश गर्न नदिईने तथा सिमा नाकामा कडाई गर्ने निर्णय गरेको छ ।
खाद्यान्नलगायतका सामाग्री बोकर नुवाकोट प्रवेश गर्ने सवारी साधनहरूलाई जिल्लाको सीमानाकामा नै कम्तिमा ६ देखि सात घण्टा घाममा सुकाउनु पर्ने र  जिवाणु नाशक औषधि सवारी साधनमा छर्कनु पर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेलले जानकारी दिनुभयो ।
पैदल हिडेरै भए पनि आफ्नो गाउँघर फर्किरहेकाहरू अब अनिवार्य २१ दिन सरकारले तयार गरेको क्वारेन्टाइनमा बस्नु पर्ने समेत निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।
सूर्यगढी गाउँपालिकाले लकडाउनको कारण दैनिक खाद्यान्न सामग्रीको समस्या परेका मजदुर तथा विपन्न परिवारका ४ सय ९४ परिवारका १ हजार ८ सय ४३ जनालाई राहत प्रदान गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत नेरन्द्रमान डङ्गोलले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड १९ बाट सङ्क्रमित भएको आशङ्कामा १९ हजार जनाको स्वास्थ्य परीक्षण गरिएको बताएको छ ।
मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले वैशाख ६ गते आयोजि पत्रकार सम्मेलनमा पीसिआरबाट ८ हजार १७ र आरडीटीबाट १९ हजार ४ सय ५४ जनाको परीक्षण गरिएको जानकारी दिनुभयो । उहाँले देशभरी ४ हजार ५ सय ३६ जना क्वारेण्टाइन र १ सय १७ जना आईसोलेशनमा रहेको बताउनु भयो । आइसोलेशनमा रहेकामध्ये ५ जना काठमाडौं उपत्यकामा रहेका छन् । मन्त्रालयले नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या ३० जना पुगेको जनाएको छ । जसमध्ये दुई जना निको भएर घर फर्केका छन् भने २८ जनाको स्वास्थ्य अवस्था समान्य रहेको छ । देशका ७७ ओटै जिल्लामा ऱ्यापीड टेष्ट सुरू गरिएको छ ।

चैत १० गते कोरोना सङ्क्रमण देखिएको नेपालकी दोस्रो सङ्क्रमित महिला टेकु अस्पतालबाट डिस्चार्ज भएकी छन् । वैशाख ६ गतेको रिपोर्ट पनि नेगेटिभ आएकाले डिस्चार्ज गरिएको अस्पतालका प्रवक्ता डाक्टर अनुप बास्तोलाले बताउनु भयो ।

काठमाडौँकी उनी चैत ४ गते फ्रान्सबाट कतारको दोहा हुँदै काठमाडौं आएकी थिइन् । उनी चढेर आएको कतार एयरवेजको क्यू आर ६५२ को जहाजमै रहेका बागलुङ्का अन्य दुई जना नेपाली पनि कोरोना सङ्क्रमित भएका थिए । हाल धौलागिरि अस्पतालमा उनीहरूको उपचार भइरहेको छ ।
काठमाडौँ महानगरपालिकाले वैशाख ६ गते वडा-१८, १९, २०, २१, २२, २३, २४, २५ र २७ गरी ८१ जनामा न्यापीड टेष्ट गरिएको छ । जसमा सबैको रिपोट नेगेटिभ आएको महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले जानकारी दिनुभयो ।
यता कागेश्वरी मनोहरा नगरपालिकाको वडा-६ को मुलपानीमा वैशाख ६ गते १ सय ७ जनामा न्यापीड टेष्ट गरिएको र सबैको रिपोट नेगेटिभ आएको कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख कृष्णहरि थापाले जानकारी दिनुभयो ।
यस्तै चन्द्रागिरी नगरपालिकाले विदेश आएका १ सय ८७ जनाको न्यापीड टेष्ट गरिएको र सबैको रिपोट नेगेटिभ आएको चन्द्रागिरी नगरपालिकाका प्रमुख धनश्याम गिरीले जानकारी दिनुभयो ।
कीर्तिपुर नगरपालिकामा पनि विभिन्न जिल्लाबाट आएका ८० जनामध्ये ४० जनाको न्यापीड टेष्ट गरिएको र सबैको रिपोट नेगेटिभ आएको प्रमुख रमेश महर्जनले जानकारी दिनुभयो । बाकीँ ४० जनाको पनि न्यापीड टेस्ट गरिनेछ, हाल उनीहरू क्यारेण्टाइनमा रहेको बताउनुभयो ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार रामेछाप जिल्लामा वैशाख ६ गतेसम्म १ सय दुई जनाको न्यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । जिल्लामा न्यापीड टेष्ट प्रविधिबाट कोभिड १९ को परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो ।
जिल्लामा वैशाख ६ गतेसम्म छिमेकी मुलुक भारत र अन्य विभिन्न देशबाट आएका ४५ जना क्वारेण्टाइनमा छन् । आठ ओटा स्थानीय तहमा हालसम्म कोरोना परीक्षण तथा उपचारका लागि ३ सय १ बेडको क्वारेण्टाइन र ५८ बेडको आईसोलेशन स्थापना गरिएको छ । कोरोना भाइरसको परीक्षण तथा उपचारमा सङ्लग्न स्वास्थ्यकर्मीहरूका लागि पीपीई १ सय ८१ थान रहको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार जिल्लामा रहेका चार ओटा मस्जिदमा रहेका मुस्लिमहरूको कोरोना परीक्षण गरिएको छ ।
पछिल्लो समय बीरगञ्ज, उदयपुरलगायतका जिल्लामा मस्जिदमा रहेका मुस्लिमहरूमा कोरोना देखिएपछि भक्तपुर जिल्ला प्रशासन कार्यालयको पहलमा उनीहरूको वैशाख ६ गते कोरोना परीक्षण गरिएको हो ।
भक्तपुर सिडिओ हुमकला पाण्डेले जिल्लामा तीन ओटा मस्जिद र एक मदरसामा रहेका आठ जनाको कोरोना परीक्षण गर्दा उनीहरूको रिपोर्टमा कोरोना नेगेटिभ आएको जानकारी दिनुभयो । भक्तपुर प्रहरीको समन्वयमा भक्तपुर अस्पतालको रेस्क्यु टोलीले उनीहरूलाई मस्जिदबाट अस्पताल ल्याएर कोरोना टेष्ट गरेको हो ।
सूर्य विनायक-८ जगातीमा चाईनिज इँटा उत्पादन गर्दै आएको भक्तपुर इँटा तथा टायल उद्योग प्रालिले दैनिक ज्यालादारीमा काम गर्ने आफ्ना मजदुरहरूलाई वैशाख ६ गते राहत वितरण गरेको छ । वडाध्यक्ष किरण थापा र सोही उद्योगका अध्यक्ष केपी ताम्राकारले ९२ जना मजदुरलाई राहतस्वरुप खाद्यान्न वितरण गर्नुभएको हो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार ललितपुर जिल्लामा लकडाउनको नियम उल्लङ्घन गरेको आरोपमा वैशाख ६ गते ३ सय ५६ जनालाई कारबाही गरिएको छ ।
विदेशबाट आएर ललितपुर जिल्लामा बसोबास गर्दै आएका मध्ये महालक्ष्मी नगरपालिकामा बसोबास गरिरहेका तर ०७६ चैत २८ गते कोभिड १९ को परीक्षणमा नआएका २५ जनाले नाम दर्ता गरेको महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले जानकारी दिनुभयो ।
ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकामा कोभिड १९ परीक्षण गर्न छुटेकाहरूको पनि समय निर्धारण गरी न्यापीड टेष्ट विधिबाट परीक्षण गरिने जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा. खगेश्वर गेलालले जानकारी दिनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले उपत्यका मेयर फोरमको बैठक बसेर खान नपाएकै कारण आफूहरूको स्थानीय तह नछोड्न सार्वजनिक आग्रह गरेको महर्जनले बताउनुभयो । लकडाउनलाई कडाइका साथ पालना गर्न दैनिक रूपमा माइकिङ गरेको महाँकाल गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले बताउनु भयो ।
बागमती गाउँपालिकाले प्रति परिवार १५ किलो चामल, २ किलो दाल, २ लिटर तेल, ४ ओटा साबुन र ४ प्याकेट नुन राहत वितरण थालेको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार काभ्रेको बनेपामा बसोबास गर्दै आएका ३० जना मुस्लिम समुदायका व्यक्तिमा र्‍यापीड टेष्ट मार्फत कोरोना भाइरस परीक्षण गरिएको छ ।
दुई जना महिला सहित २८ जना पुरुषको वैशाख ६ गते परीक्षण गरिएको नगरपालिकाका स्वास्थ्य संयोजक सत्यश्वर मकै श्रेष्ठले जानकारी दिनुभयो । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
उनीहरू वैशाख ५ गते उदयपुरमा कोरोना पोजेटिभ भेटिएका समूहसँग नेपालमा धार्मिक कार्यक्रममा सहभागी हुन भारतबाट आएका थिए । उनीहरू अहिले बनेपा नगरपालिका वडा-१०, थापागाउँमा होम क्वारेन्टाइनमै रहेका स्वास्थ्य संयोजक श्रेष्ठले बताउनु भयो । उनीहरू सुन, चाँदीको गरगहना र घर बनाउने काममा सहभागी हुदैं आएका थिए । उनीहरूलाई प्रहरीले समेत उच्च निगरानीमा राखेको छ ।
बनेपा नगरपालिका अन्य थप चार जनाको पनि र्‍यापीड टेष्ट विधि मार्फत कोरोना भाइरस परीक्षण गरेको छ । उनीहरूको पनि रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य संयोजक श्रेष्ठले बताउनु भयो ।
नमोबुद्ध नगरपालिका-नम्बर ११ मा राहत वितरण गरिएको छ । वैशाख ६ गते वडाभित्र बसोबास गर्ने विपन्न, अतिविपन्न र दैनिक ज्याला मजदुरी गर्ने ३ सय ४५ जनालाई राहत वितरण गरिएको वडाध्यक्ष तामाङले बताउनु भयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार वैशाख ६ गते सिन्धुलीका सुनकोशी गाउँपालिका र गोलञ्जोर गाउँपालिकामा गरि ६७ जनाको कोरोना जाँच गरिएको छ ।
गोलञ्जोर गाउँपालिकामा ३० जना र सुनकोशी गाउँपालिकामा ३७ जनाको कोरोना जाँच गरिएको हो । उनीहरू सबैको रिजल्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ । हालसम्म सिन्धुलीमा २७६ जनाको र्‍यापीड डाइग्नोष्टिक टेष्ट मार्फत कोरोना जाँच गरिएको छ ।
दुधौली नगरपालिकाले वैशाख ६ गतेदेखि मजदुर तथा विपन्न वर्गलाई राहत वितरण सुरू गरेको छ । वडाको समन्वयमा सङ्कलन भएको तथ्याङ्कका आधारमा ५ सय परिवारलाई द्रुत गतिमा राहत वितरण सुरू गरिएको नगरपालिकाले जनाएको छ । थप सङ्कटमा परेका नागरिकको पहिचान गरि थप राहत वितरण समेत गरिने भएको छ ।
कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा थप रकम जम्मा भएको छ । भगवती अङ्ग्रेजी माविका प्राचार्य कृष्णकुमार उप्रेतिले ५५ हजार ५ सय ५५ रुपियाँ र नेपाल निवृत्त शिक्षक समाज सिन्धुलीका उपाध्यक्ष प्रज्वल सिन्धुलीयबाट ५ हजार रुपैयाँ कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा भएको छ ।
हालसम्म कमलामाई नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा गत वर्षको ३४ लाख ९४ हजार ५ सय ७१ रुपियाँ, चालु आवमा १२ लाख ६१ हजार १ सय ७९ रुपियाँ, प्रदेश सरकारबाट प्राप्त १२ लाख रुपियाँ र विभिन्न सङ्घसंस्था तथा व्यक्तिबाट ५ लाख ४८ हजार ९ सय ७७ गरी कुल जम्मा ६५ लाख ४ हजार ७ सय २७ रुपियाँ जम्मा भएको छ ।

**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**